# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## दुधपोखरी गाउँपालिका,गौंडा,

## लमजुङ्ग

## आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


पत्र संख्याः २०७८/७९

च.नं.: २०८ मितिः २०७८।०५।०४

श्री अध्यक्षज्यू,
दुधपोखरी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,गौंडा
लमजुङ्ग ।

**विषयः- <u>लेखापरीक्षण प्रतिवेदन ।</u>**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

**(इन्द्र प्रसाद आचार्य)**
**नायव महालेखापरीक्षक**

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

**२०७८ भाद्र ४ गते** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
(बागमती र गण्डकी प्रदेश [illegible] महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


पत्र संख्याः २०७८।७९
च.नः १७५

मितिः २०७८।५।४

श्री अध्यक्षज्यू,
दुधपोखरी गाउँपालिका,
गौंडा, लमजुङ्ग ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**कैफियत सहितको राय**

हामीले दुधपोखरी गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय-व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय-व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.४८ लाख ५५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२ लाख ०८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.३२ लाख ३१ हजार, नियमित गर्नुपर्ने रु.७ लाख ८६ हजार र पेश्की बाँकी रु. ६ लाख ३० हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१२।२५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २१ (एक्काइस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरिक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(ईन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

# दुधपोखरी गाउँपालिका, गौंडा, लमजुङ्ग
## लेखापरीक्षण प्रतिवेदन
## २०७६/७७

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा.वि.धायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस दूधपोखरी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ६ वडा, ३४ सभा सदस्य, १५३.३ वर्ग किलोमिटर क्षेत्रफल तथा १० हजार ९७५ जनसंख्या रहेको छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाव सहितको आर्थिक वर्ष २०७६।०७७ को संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ३२,७०,२६,०२८ | २८,१४,९३,३३२.६३ | | २८,१४,९३,३३२.६३ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | २६,४३,३५,५०० | २२,०४,४९,२२८.६३ | ० | २२,०४,४९,२२८.६३ |
| ११००० कर | ११ | ५,३५,२१,००० | ३,६१,४१,७१८.३६ | ० | ३,६१,४१,७१८.३६ |
| १३००० अनुदान | | २०,९५,५९,००० | १८,१९,०४,९३० | ० | १८,१९,०४,९३० |
| संघीय सरकार | १२ | १८,२५,९१,००० | १६,४९,३६,९३० | ० | १६,४९,३६,९३० |
| प्रदेश सरकार | १२ | २,२०,६८,००० | १,२०,६८,००० | ० | १,२०,६८,००० |
| अन्तरिक श्रोत | १२ | ४९,००,००० | ४९,००,००० | ० | ४९,००,००० |
| १४००० अन्य राजस्व | | १२,५५,५०० | २४,०२,५८०.२७ | ० | २४,०२,५८०.२७ |
| ख. अन्य प्राप्ति | | ६,२६,९०,५२८ | ६,१०,४४,१०४ | | ६,१०,४४,१०४ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० |
| कोषहरु | | १८,३७,५२८ | १८,३७,५२८ | ० | १८,३७,५२८ |
| धरौटी | | ० | ० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ६,०८,५३,००० | ५,९२,०६,५७६ | ० | ५,९२,०६,५७६ |
| भुक्तानी (ग+घ) | | ३७,२०,७८,७०८.०१ | २७,६०,५६,०५७.८३ | | २७,६०,५६,०५७.८३ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ३०,९३,८८,१८०.०१ | २१,५४,०४,१४१.३३ | | २१,५४,०४,१४१.३३ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ९,८५,३०,००० | ८,३१,६०,०२२.२८ | ० | ८,३१,६०,०२२.२८ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ६,५९,९३,८२४.६१ | ३,७१,२२,४५१.०९ | ० | ३,७१,२२,४५१.०९ |
| २५००० सहायता (Subsidy) | १८ | ८,९५,००० | ८,७८,९८४ | ० | ८,७८,९८४ |
| २६००० अनुदान | १८ | ७३,००,००० | ६८,९२,००० | ० | ६८,९२,००० |
| २७००० सामाजिक सुरक्षा | १८ | ४४,५०,००० | १७,९३,६६१.९० | ० | १७,९३,६६१.९० |
| २८००० अन्य खर्च | १८ | १,४४,१९,३५५.४० | १,३१,९४,३५५.४० | ० | १,३१,९४,३५५.४० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ११,७८,००,००० | ७,२३,६२,६६६.६६ | ० | ७,२३,६२,६६६.६६ |
| ३२००० वित्तीय सम्पत्ति | १८ | ० | ० | ० | ० |
| घ. अन्य भूक्तानी | | ६,२६,९०,५२८ | ६,०६,५१,९१६.५० | | ६,०६,५१,९१६.५० |
| कोषहरु | | १८,३७,५२८ | १४,५५,१६९.५० | ० | १४,५५,१६९.५० |
| धरौटी | | ० | ० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ६,०८,५३,००० | ५,९२,०६,५७६ | ० | ५,९२,०६,५७६ |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -९,८२९ | | -९,८२९ |
| ङ. यो वर्षको बचत (न्युन) | | (४,५०,५२,६८०.०१) | ५४,३७,२७४.८० | | ५४,३७,२७४.८० |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ४,५८,४१,०३३.०१ | | ४,५८,४१,०३३.०१ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (४,५०,५२,६८०.०१) | ५,१२,७८,३०७.८१ | | ५,१२,७८,३०७.८१ |
| | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ५,१२,७८,३०७.८१ | | ५,१२,७८,३०७.८१ |

लेखापरीक्षणबाट देखिएका व्यहोराहरुः

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **प्रतिक्रियाबाट रु.९० हजार असुली भएको छ ।** | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिएअनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्ः<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS Based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको छ ।<br>• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको छ ।<br>तोकेबमोजिमका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखाङ्कन गर्नुपर्दछ । | |
| २. | **जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.४,६८,१६,२११.३७ मौज्दात कायम भएकोमा यो वर्षको शुरुमा रु.४,५८,४१,०३३.०१ जिम्मेवारी सारेको देखियो । जसअनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.९७,५१८.३६ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने रु. | ९७५१८.३६ |
| ३. | **बैङ्क मौज्दात -** म.ले.प.फा.नं. २७२ वित्तीय प्रतिवेदन अनुसार आर्थिक वर्षको अन्तमा बैङ्क बाँकी मौज्दात रु.५,१२,७८,३०७.८१ देखाएको छ भने चालु र पुंजीगततर्फको बाँकी रकम ट्रान्सफर गरिसकेपछि स्थानीय सञ्चित कोषमा रु.५,०२,४३,२०९.८० धरौटी खातामा रु.७,८८,३५३.०० विपद् व्यवस्थापन कोषमा रु.३,९३,९८२.५० समेत रु.५,१४,२५,५४५.३० बैङ्क मौज्दात बाँकी देखाएकोले वित्तीय प्रतिवेदनले देखाएको बाँकी मौज्दात भन्दा बैङ्क मौज्दात रु.१,४७,२३७.४९ बढी देखिएको छ । स्रेस्तामा भन्दा बैङ्कमा के कति कारणले बढी मौज्दात देखिएको हो यकिन गरी हिसाब मिलान गर्नुपर्ने देखिन्छ । आ.व. को अन्तमा विभाज्य कोषमा बाँकी रहेको रकम रु.१,५५,०००.०० आ.व. २०७६/७७ मा सुत्रमा प्रविष्ट गरेको पाइएन । तर आ.व. २०७७/७८ मा उक्त रकम सुत्रमा प्रविष्ट गरिएको कार्यालयको भनाई रहेको छ । उक्त रकम स्थानीय सञ्चित कोषमा आम्दानी बाँधी हिसाब मिलान गर्नुपर्दछ । | |
| ४. | **बाँकी रकम फिर्ता -** आ.व. २०७६/७७ मा शिक्षा, स्वास्थ्य, कृषि, पशु, महिलातर्फ कूल रु.११,३७,९१,०००.०० प्राप्त तथा रु.९,१२,९६,०००.०० खर्च भई बाँकी रहेको रकम रु.४८,४०,७००.३८ बेशीसहर स्थित राष्ट्रिय वाणिज्य बैङ्कमा कोष तथा लेखा नियन्त्रक | |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | कार्यालय लमजुङको खातामा रकम जम्मा गरेको नं. ०८४३९००८ मिति २०७७/६/१९ को बैङ्क दाखिला भौचर पेस भएको छ । | |
| ५. | **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपसिल बमोजिम रहेका छन्:<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम प्रत्येक बर्ष आषाढ १० भित्र बजेट पेस गर्नुपर्नेमा यस पालिकाले २०७६।०३।१० मा नै पेस गरी मिति २०७६।०५।११ मा पास गरेको पाइयो ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैङ्क खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान लिलाम गर्नुपर्नेमा गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भरपाईहरूमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन। | |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा खरिदको गुरुयोजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली बनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ १७ र प्रशासनिकतर्फ २७ समेत ४४ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमशः १७ र २२ समेत ३९ पदपूर्ति भएकोले कार्यालय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को नियम अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५क बमोजिम कर्मचारीहरूको कार्य विवरण बनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ बमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.७,५२,७४,८९८.६४ खर्च लेखेको पाईयो । | |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा बेरुजुको लगत तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ३ ऐन, ३ नियमावली, ७ कार्यविधि २ निर्देशिका र १ आचार संहिता समेत १६ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ अनुसार पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिएबमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| | **योजना तर्जुमा, बजेट तथा कार्यक्रम** | |
| ६. | **बजेट पेस, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र पेस गर्ने र यसरी पेस भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री कमलप्रसाद धितालले २०७६।०३।१० गते नै रु.३० करोड ९३ लाख ८८ हजारको बजेट सभा समक्ष पेस गरेकोमा २०७६।०५।११ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।०५।११ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । बजेट पारित भएपश्चात रु.१,७६,३७,८४७.९९ को अख्तियारी थप भई रु.३२,७०,२६,०२८.०० बजेट कायम हुन गएको छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेस गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ७. | **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेस गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहायबमोजिम छ । | |

| पुँजीगत खर्च शीर्षक | कूल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| दूधपोखरी गा.पा. | ६८७८० | ८३४२ | ८९९७ | ५१४४० | ३१४६० |
| संघीय सरकारबाट हस्तान्तरित | ३५८२ | ० | ६३० | २९५२ | २८९० |
| कूल खर्चः | ७२३६२ | ८३४२ | ९६२७ | ५४३९२ | ३४३५० |
| खर्च प्रतिशत | १०० | ११.५२ | १३.३१ | ७५.१७ | ४७.४७ |

उपरोक्तानुसार तेस्रो चौमासिकमा ७५.१७% र आषाढमा मात्र ४७.४७% खर्च भएको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>नियममा भएको व्यवस्था अनुरुप तेस्रो चौमासिक र आषाढमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>८.</td><td>क्षेत्रगत बजेट र खर्च - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>१०६४५०००</td><td>५१७८०००</td><td>२.४०</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>११८५५२०००</td><td>९५९२१०००</td><td>४४.५४</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>८९३८७०००</td><td>५८२५६०००</td><td>२७.०५</td></tr>
<tr><td>वित्तीय व्यवस्थापन र सुशासन</td><td>६९३०००</td><td>२२६०००</td><td>०.१०</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>९०१११०००</td><td>५५८२१०००</td><td>२५.९१</td></tr>
<tr><td>जम्मा</td><td>३०९३८८०००</td><td>२१५४०२०००</td><td>१००</td></tr>
</table>
उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छः</td><td></td></tr>
<tr><td>८.१.</td><td>खर्च विश्लेषण - पालिकाले यस वर्ष कूल आन्तिरक आयबाट रु.३,८५,४४,२९८.६३ राजस्व बाँडफाँड र अनुदानबाट रु.१८,१९,०४,९३०.०० समेत रु.२,२०,४४,९२२.६३ आम्दानी भएकोमा चालुतर्फ रु.१४,३०,४१,४७४.६७ र पुँजीगततर्फ रु.७,२३,६२,६६६.६६ समेत रु.२१,५४,०४,१४१.३३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १७.८९ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रु.४५,३४,७००.०० खर्च भएको छ जुन आन्तरिक आयको १४.१० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६४.८९ प्रतिशत चालु र ३२.८३ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको र प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>संगठन तथा कर्मचारी व्यवस्थापन</td><td></td></tr>
<tr><td>९.</td><td>कर्मचारी प्रोत्साहन भत्ता - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो वर्ष ५ जना कर्मचारीहरूलाई गाउँ कार्यपालिकाको बैठकबाट गाउँसभा सञ्चालन तथा बजेट निर्माण कार्यमा अतिरिक्त समय काम गरेवापत रु.२,८४,३४०.०० खर्च लेखी भुक्तानी गरेको छ ।</td><td></td></tr>
<tr><td>१०.</td><td>न्यायीक समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १० र यो वर्ष थप भएको ११ गरी कूल २१ विवाद दर्ता भएकोमा १८ वटा मात्र फछ्र्यौट भई ३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
</table>

| दफा नं. | **भौ.नं., मिति र ब्यहोरा** | **बेरुजू रकम** |
|---|---|---|
| | **पदाधिकारी सुविधा** | |
| ११. | **एउटामात्र सुविधा पाउने** - गण्डकी प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ को दफा ८ अनुसार सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति पदाधिकारीमा निर्वाचित वा मनोनयन भएमा निवृत्तभरण वा यस ऐन बमोजिमको मासिक सुविधा मध्ये एउटा मात्र पाउने व्यवस्था छ । पालिकाले निवृत्तिभरण पाईरहेका निम्नानुसारका पदाधिकारीहरूलाई आ.व. २०७५/७६ सम्म भुक्तानी नगरेकोमा यस आ.व. २०७६/७७ मिति २०७६ भाद्र १२ गतेसम्म दोहोरो सुविधा पाउने व्यवस्था नभएकोमा निम्न पदाधिकारीहरूलाई उक्त मितिसम्म भुक्तानी दिएको रकम रु.४७,०४०.०० असुल गरी दाखिला गर्नुपर्ने रु. | ४७०४०.०० |

| क्र. सं. | पदाधिकारीको पद नाम थर | दोहोरो सुविधा लिएको |
|---|---|---|
| १ | वडा नं. २ अध्यक्ष श्री गोविन्द बहादुर दवाडी | २३५२० |
| २ | वडा नं. १ अध्यक्ष श्री तिलक बहादुर गुरुङ्ग | २३५२० |
| | **जम्मा** | |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १२. | **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.५,९७,०००.०० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । | |
| १३. | **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले विपद् व्यवस्थापनको लागि र विभिन्न सामाजिक संघ संस्था र क्लवको कार्यक्रमको लागि यो वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु.११,२८,३९४.०० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । | |
| | **अनुदान प्राप्ति, वितरण र फिर्ता** | |
| १४. | **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु.७५,७०,२००.०० तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु.१५,९६,५५०.०० गरी रु.९१,६६,७५०.०० खर्च लेखेका छन । तर पालिकाबाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| १५. | **वितरणमुखी खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पुर्वाधार विकास तथा दीर्घकालिन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकालले दीर्घकालिन पुँजी निर्माण हुने तथा दीर्घकालिन आय वृद्धि हुने खालका कार्यमा खर्च नगरेर वितरणमुखी खर्च गरेको पाइयो । यसरी वितरमुखी खर्चलाई निरुत्साहित गर्नुका साथै नियन्त्रण गरिनु पर्दछ । वितरणमुखी खर्चको केही उदाहरणहरु यस प्रकार रहेको छ । | |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| गो.भौ./मिति | विवरण | रकम |
|---|---|---|
| ३३-२०७६/७/७ | चक्रतिर्थ धाम विकास समिति | २५५५५ |
| | भक्ति आदर्श क्याम्पस धार्मिक तथा सांस्कृतिक महोत्सव | २५५५५ |
| ८०-२०७६/९/११ | वि.पि. पार्क समिति लमजुङ लाई आर्थिक सहयोग | ५०००० |
| १६४-२०७७/२/२९ | राईनास हर्रावोट सर्वोदया सेवाश्रम | १००००० |
| १७०-२०७७/३/१ | कोल्की युवा क्लवलाई ल्होसा कार्यक्रम सञ्चालन सहयोग | २००००० |

१६. **नाफामूलक संस्थालाई अनुदान** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्वजनिक रुपमा निःशुल्क वा न्यून शुल्कमा सेवा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका नाफामूलक संस्थाको कार्यालय व्यवस्थापन खर्चमा लागि अनुदान उपलब्ध गराएको छ । तर त्यसबाट उपरोक्त बमोजिम सेवा प्रवाह हुने सुनिश्चित छैन । यस्तो खर्चमा नियन्त्रण गरिनुपर्दछ ।

| सि.नं. | अनुदान पाउने व्याक्ति वा संस्था नाम | प्रयोजन | अनुदान रकम |
|---|---|---|---|
| १. | फरिन्द्र भुजेल | फ्रेसहाउस निर्माण अनुदान | ५०००० |
| | | **जम्मा** | **५००००** |

**कर दस्तुर एवं आन्तरिक आय**

१७. **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १२००००० | ४८७१७२ | ४०.६० |
| व्यवसाय कर | १५०५०० | ११३८०० | ७५.६१ |
| **जम्मा** | **१३५०५००** | **६००९७२** | |

पालिकाभित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मात्र सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

**उपभोक्ता समिति मार्फत कार्य**

१८. **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएतापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन् :

| गोभौनंमिति/. | उपभोक्ता समितिको नाम | डोजर प्रयोगकर्ता | कार्यसम्पन्न रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| ५।०७६।६।१५ | गौडा प्रेन्चेडाँडा मो वा उ स | उज्जल निर्माण सेवा | १६७५९३६ | मेशीन | ४३९९९८ |
| ६।०७६।७।६ | बुढीकोट जोर्ने मो वा उ स | उज्जल निर्माण सेवा | १६९३२१७ | मेशिन | ७४९९९७ |
| १३।०७६।८।३ | चिल्लीखोला कनाघाट सडक उ स | हिमालय देवी निर्माण सेवा | १४६१२९२ | ब्रेकर | ११०३४४५ |
| ३७।०७६।११।२९ | भुम्लीचोक कृषि मार्ग नाईश्रारा जोरसिमल सडक उ स | हिमालय देवी निर्माण सेवा | ४१३८९६ | डोजर | ४४२३९५ |
| १९९।०७७।३।१९ | त्रिवेणी विचौर ठाटी सडक उ स | हिमालय देवी निर्माण सेवा | २५९९३३० | बकेट ब्रेकर | २७६११५५ |
| १५९।०७७।३।२६ | लाङ्दी बुढीखोला सडक उ स | वस्नेत निर्माण सेवा | १६०६८९५ | बकेट ब्रेकर | ३३०५२५ |

नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ ।

१९. **रोजगारी र उपयोग मा सहभागी नहुने कार्यमा उपभोक्ता समिति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा सोही स्थानमा बसोवास गर्ने वासिन्दा र त्यस्तो सेवा उपयोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने व्यवस्था छ । प्रत्यक्ष रुपमा सहभागी नहुने कार्यमा उपभोक्ता समिति गठन गरी कार्य गराइएको छ । विद्यालय तथा वडा कार्यालयको भवन निर्माणमा पनि उपभोक्ता समिति मार्फत कार्य गराएको पाईयो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ ।

| भौ.नं. र मिति | निर्माण कार्य | लागत अनुमान | कार्यसम्पन्न | भुक्तानी रकम |
|---|---|---|---|---|
| ३१।०७६।११।२१ | ३ नं. वडा कार्यालय भवन मर्मत | २१११८३ | २०८२४९ | १८८३०५ |
| ८६।०७७।२।२६ | ४ नं. वडा कार्यालय भवन मर्मत र रगंरोगन | २१८७०८ | २१८७०८ | १९०००० |
| ९४।०७७।२।२९ | हिमालय आ. वि. भवन मर्मत | २१२४४२ | २०५२६० | १८३५३६ |
| १४४।०७७।३।२४ | २ नं. वडा कार्यालय भवन मर्मत | २६५१७२१ | २६२५६३० | २३६३२९९ |
| १७०।०७७।३।३१ | ५ नं. वडा कार्यालय कम्पाउण्ड वाल निर्माण | ७४३३५० | ७३७८३० | ६६४०४७ |

२०. **जटिल संरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन्:

| गो.भौ.नं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १४३।०७७।३।२३ | प्रथम पैसे लघुजलविद्युत उ स | प्रथम पैसे लघुजलविद्युत मेशीन मर्मत | १९२००० |
| १४६।०७७।३।२५ | सामुदायी विद्युत निर्माण उ स | सामुदायी विद्युत निर्माण र ट्रान्सफरमर खरिद | ३८०००० |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | | | जम्मा | ८५९८११ |

नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ ।

२१. **जनश्रमदान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असुल हुनुपर्ने रु. — १५४७४.००

| भौ.नं. र मिति | योजनाको नाम | कार्यसम्पन्न रकम | उ स को योदान हुनुपर्ने | उ स को योदान भएको | घटी योगदान |
|---|---|---|---|---|---|
| ५।०७६।६।१५ | गौडा प्रेन्चेडाँडा मो वा | १६७५९३६ | १६७५९३ | १६०००० | ७५९३ |
| १२।०७६।८।३ | साउनेपानी डिगाउ लाङ्दी खोला मो वा | ४१७५२८ | ४१७५२ | ४०००० | १७५२ |
| १३।०७६।८।३ | चिल्लिखोला कुर्थले कुनाघाट मो वा | १४६१२९१ | १४६१२९ | १४०००० | ६१२९ |
| | | | | जम्मा | १५४७४ |

२२. **डीपीआर खर्च** — बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| दूधपोखरी गाउँपालिका भवन निर्माण | रिउनेट कन्सल्टेन्ट प्रा.लि. | ४९९१२१ | ४९९१२१ | ३९४८१००० |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डीपीआर तयार गर्दा गाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

२३. **शिक्षक दरबन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४ सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १. | चम्पादेवी प्रा. वि. | ३ | २ | १ | १८ |
| २. | हिमालयन मा. वि. | १३ | १२ | ७ | २०२ |
| ३. | देवीलिला प्रा. वि. | २ | १ | ० | १७ |
| ४. | नवमण्डल प्रा. वि. | ४ | ३ | ० | २० |
| | **जम्मा** | **२२** | **१८** | **८** | **२५७** |

दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

२४. **खरिदमा सिमित प्रतिस्पर्धा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । तपसिलको कार्यमा ३ वटा निर्माण व्यवसायीबाट प्राप्त कोटेशनको आधारमा छनौट गरी कार्य गरेको छ । उक्त कोटेशनबाट

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | खरिद गरिएको कार्यमा सिमित प्रतिस्पर्धा भएको देखियो । कबोल अंक लागत अनुमान तुलनामा १ प्रतिशत पनि घटेको देखिएन । यसरी कोटेशनबाट गर्ने कार्यलाई प्याकेज बनाई बोलपत्र प्रतिस्पर्धा मार्फत खरिद कार्य गरी सिमित प्रतिस्पर्धालाई नियन्त्रण गरिनुपर्दछ । | |

| भौ.नं. र मिति | निर्माण कार्य | निर्माण व्यवसायी | लागत अनुमान | कबोल रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| १५।०७६।९।१० | पिठभञ्याङ्ग जोर्ने ग्राभेलिङ्ग | उज्जल निर्माण सेवा | ४७४२३२ | ४७०९६८ | ०६९. |
| १६।०७६।९।१० | गौडा प्रा.स्वा. केन्द्र पहिरो नियन्त्रण | उज्जल निर्माण सेवा | ४७४३४५ | ४७२९१७ | ०३०. |
| २०।०७६।९।११ | ५ नं. वडा कार्यालय बाटी सरसफाई | सवनम कन्स्ट्रक्सन | ४७३८८९ | ४६९९०१ | ०८४. |
| ६१।०७७।२।६ | जोर्ने बजार पहिरो नियन्त्रण | उज्जल निर्माण सेवा | १८४९३२ | १८४९३२ | ० |
| ८२।०७७।२।२१ | गैरीगाँउ नारेढुङ्गा गो वा | उज्जल निर्माण सेवा | ४७९४६६ | ४२०३९९ | ०९२. |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २५. | **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरूमा सडक तथा गोरेटो बाटो निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १२६ जनालाई रोजगारी उपलब्ध गराई रु.११,६२,०००.०० खर्च गरेको छ । लक्षित वर्गलाई ६ दिनदेखि १८ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| २६. | **रकम ढिला दाखिला गर्ने** - आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैङ्क दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिनभित्र बैङ्क दाखिला गर्नु पर्ने व्यवस्था छ । स्थानीय तह अन्तर्गतका वडाहरूले कतिपय मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ । | |
| | **पुंजीगततर्फ** | |
| २७. | **ट्र्याक खोल्ने तथा जग्गा सम्याउने** – गाउँपालिका केन्द्र ट्र्याक ओपन तथा जग्गा सम्याउने कार्यका लागि रु.४८,५३,३०२.५५ को ल.ई. तयार गरी उक्त कार्यका लागि गा.पा. बाट रु.४४,००,०००.०० र उपभोक्ता सिमितिबाट रु.४,५३,३०२.०० गर्ने गरी उपभोक्ता समितिसँग मिति २०७६/१०/१६ मा सम्झौता गरेको पाइयो । सम्झौता अनुसार मिति २०७६/१२/१५ सम्ममा सम्पन्न गर्नुपर्नेमा मिति २०७६/१२/५ मा नै सम्पन्न भएको प्रतिवेदन पेस भएपश्चात कार्यालयबाट भौ.नं. ६०/२०७७/२/२ बाट रु.४०,५४,३४७.०० भुक्तानी भएको छ । उक्त श्रेस्ताको लेखापरीक्षणबाट निम्न व्यहोरा देखियोः<br>• गाउँपालिका केन्द्रबाट ट्र्याक ओपन तथा जग्गा सम्याउने कार्यको अनुगमन समितिबाट अनुगमन तथा मूल्याङ्कनबाट निर्माण कार्य गुणस्तर साथ सम्पन्न भएको भनी मिति २०७६/१२/५ को अनुगमन समितिको सिफारिस पत्रानुसार निर्माण कार्यको भुक्तानी भएको पाइयो । | |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • ट्रयाक ओपन गर्ने कार्य र जग्गा सम्याउने कार्यको छुट्टाछुट्टै ल.ई. तयार गरी कार्य गराउनु पर्नेमा एकमुष्ट ल.ई. तयार गरी कार्य गराएको पाइयो । फरक फरक कार्यमा छुट्टाछुटै ल.ई. तयार गरी कार्य गराउनु पर्दछ ।<br>• ट्रयाक ओपन तथा जग्गा सम्याउने कार्यका लागि खर्च सार्वजनिक मिति २०७६/१२/१ मा भएकोमा ३० जनाको उपस्थिति रहेकोमा खर्च सार्वजनिक पश्चात पनि सम्पूर्ण सरोकारहरूको दस्तखत (उपस्थिति) गराउनुपर्नेमा ७/८ जनाको मात्र दस्तखत गराएको पाइयो । यसर्थ सवै सरोकारवाला वा लाभग्राही उक्त निर्माण कार्यसँग सम्बन्धित खर्चमा पूर्ण रुपमा सहमत तथा समर्थन रहेको छ भन्न सक्ने अवस्था देखिएन । | |
| २८. | **प्रशासनिक भवन निर्माण** — गाउँपालिकाको प्रशासनिक भवन निर्माण गर्नको लागि मू.अ. कर समेत रु.३,९४,८०,४१२.२३ को ल.ई. तयार गरी ठेक्का नं. 2076-77/DPRM/Works-01 को कार्यको लागि मिति ३ मार्च २०२० मा विद्युतीय बोलपत्रको माध्यमबाट सूचना प्रकाशन गरेकोमा ३ वटा बोलपत्र पेस हुन आएको पाइयो । उक्त पेस भएको बोलपत्र मध्ये सबैभन्दा घटी रकम मू.अ. कर समेत रु.३,११,३९,०९७.४६ (१८.३८% घटी) कबोल गर्ने पराजुली कन्स्ट्रक्सन प्रा.लि. भोर्लेटार लमजुङको बोलपत्रको मिति २०७७/३/१९ मा स्वीकृत भएको छ । २०७८/९/१८ सम्ममा सम्पन्न गर्ने गरी मिति २०७७/४/१ मा सम्झौता भएको पाइयो । तोकिएको समयमा कार्य सम्पन्न गर्ने गरी निर्माण कार्य गर्ने गराउनेतर्फ पालिकाले ध्यान पुऱ्याउनु पर्दछ । | |
| २९. | **पूर्व निर्धारित क्षतिपूर्ति** - ३/२०७६/६/२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार निर्माण व्यवसायीको ढिलाईको कारणबाट यथा समयमा काम सम्पन्न हुन नसकेमा सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतले हुने रकम पूर्व निर्धारित क्षतिपूर्ति वापत लिएर मात्र म्याद थप गरी उक्त कार्य पुरा गर्नु गराउनु पर्ने व्यवस्था रहेको छ । यस गाउँपलिका अन्तर्गत प्यारजुङ पात्ले सडक स्तरोन्नति सडकको निर्माण व्यवसायी शुभ कन्स्ट्रक्सन प्रा.लि. काठमाडौंले उक्त सडकको निर्माण कार्यको लागि रु.९४,९९,०८७.९६ ठेक्का सम्झौता भएको र उक्त निर्माण कार्य २०७६/२/३० सम्ममा सम्पन्न गर्नुपर्नेमा तोकिएको समयमा सम्पन्न हुन नसकी मिति २०७६/५/३१ मा मात्र सम्पन्न भएको पाइयो । निर्माण व्यवसायीले म्याद थपको लागि निवेदन दिएको र म्याद थप भएको प्रमाण पेस हुन आएन । तर आ.व. २०७६/७७ को चलानी रजिष्टरको च.नं. ८८८ मिति २०७६/३/१ बाट म्याद थपको जानकारी पठाएको भनी उल्लेख भएको छ । अतः म्याद थपको प्रमाण पेस गर्ने अन्यथा ढिलो दिन ९५ को दैनिक ०.०५% ले हुने रकम असुल दाखिला हुनुपर्ने रु. | ४५१२०६.६७ |
| ३०. | **बढी परिमाण** - गो भौ.नं. र मिति १७।०७६।९।८ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार निर्माण कार्यमा पुरा गरिएको कार्यको परिमाणको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । गुराँस युवा क्लब खेल मैदान निर्माण कार्यमा मेजरमेन्ट बुकमा उल्लेख भएअनुसार Stone masonary work1:6 को (L×b×h=8×0.75×2) १२ घ. मी. हुनुपर्ने देखिन्छ । कार्यसम्पन्न प्रतिवेदनमा उक्त कार्य Stone masonary work1:6 को 16 घ. मी. उल्लेख गरी रु.१०,०९९।१५ का दरले जम्मा रु.१,६१,५८६।४० भुक्तानी भएको छ । नापी किताव उल्लेख भएको भन्दा ४ घ. मी. परिमाण बढी भुक्तानी भएको देखियो । यसरी बढी परिमाण ४ घ. मी. को रु.१०,०९९।१५ का दरले जम्मा रु.४०,३९७।०० मा उपभोक्ता समितिको योगदान | |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | रु.४,०३९।०० कट्टी गरी असुल गर्नुपर्ने रु. | ३६३५८.०० |
| ३१. | **दर फरक पारी वढी भुक्तानी —** भौ. नं. र मिति १४४।०७७।३।२४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ (१) बमोजिम लमजुङ्ग जिल्लाको आ.व. २०७६।७७ को लागि कामदारको ज्याला ढुवानी निर्माण सामाग्री र मेशीन उपकरण भाडाको जिल्ला दररेट निर्धारण गरिएको छ । जिल्ला दररेट अनुसार सिपालु कामदार (skilled) को लागि प्रतिदिन प्रतिजवान रु.९९०।०० र ज्यामी (unskilled) को लागि प्रतिदिन प्रतिजवान रु.७१५।०० कामदारको ज्याला निर्धारण गरिएको छ । वडा नं. २ को वडा भवन निर्माण कार्यमा Rate Analysis मा ज्यामी (unskilled) दरमा रु.७७०।०० राखेर रेट निर्धारण गरेको कारणले बढी भुक्तानी हुन गएको छ । निम्नानुसारको कार्यमा बढी दर राखेर रेट निर्धारण (Rate Analysis) गरेको कारणले बढी भुक्तानी हुन गएको रकम असुल गर्नुपर्ने रु. | २७४०६.०० |

| कामको विवरण | ईकाइ | परिमाण | भुक्तानी दर | हुनुपर्ने दर | फरक दर | रकम |
|---|---|---|---|---|---|---|
| Earth work site clearance | sqm | १४० | १२३.२ | ११४.४ | ८.८ | १२३२ |
| Earth work excavation | cum | ६३.८४ | ६३४.४८ | ५८९.१६ | ४५.३२ | २८९३.२ |
| Earth work Back filling | cum | ३१.९२ | १९२.५ | १७८.७५ | १३.७५ | ४३८.९ |
| pcc work 1:3:6 | cum | १५.७३ | ११०४७.२६ | १०८२७.२६ | २२० | ३४६०.६ |
| pcc for rcc work | cum | ३४.९२ | १७३७६.८४ | १६९९१.८४ | ३८५ | १३४४४ |
| steel reinforcement | kg | ३४२२.५७ | १२५.१९ | १२४.५२ | ०.६७ | २२९३.१ |
| form work | cum | २५७.६७ | ६९४.१६ | ६८०.०२ | १४.१४ | ३६४३.५ |
| | | | | जम्मा | | २७४०६ |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३२. | **स्टोन सोलिङ्ग कार्य –** भौ. नं. र मिति १०९।०७७।३।११ मिथोभञ्ज्याङ्ग दोबान मोटरबाटो वा स्त्तरोन्नति योजनामा लागत अनुमान रु.२३,१२,२०३।०० रहेकोमा रु.२२,७८,३२४।०० को कार्यसम्पन्न भएको छ । उक्त योजनामा बाटो निर्माणमा soft rock 2.16 cu.m र Medium rock 15.78 cu.m को कार्य गरेको देखिन्छ । चेनेज 2+800 देखि 2+840 सम्म Stone soling work १५ घ. मि. को कार्य भएको देखिन्छ । Rate analysis मा ढुङ्गाको मूल्य प्रति घ. मि. रु.११७९।०० राखेर रु.२,४८७।०० दर निर्धारण गरिएको छ । कार्यस्थलमा नै Medium rock 15.78 cu.m रहेकोमा ढुङ्गाको मूल्य राखेर दर निर्धारण गर्न मिल्ने देखिएन । जसमा ढुङ्गाको मुल्य नराखी ढुङ्गा जम्मा (collection) गर्ने नर्म्स प्रयोग गर्नुपर्ने देखिन्छ । ढुङ्गा जम्मा (collection) गर्ने नर्म्स प्रयोग गर्दा रु.१,७८७।०० निर्धारण हुन आउने देखिन्छ । ढुङ्गाको मूल्य राखेर दर निर्धारण गर्दा रु.७००।०० बढी दरले भुक्तानी हुन गएको छ । Stone soling work १५ घ. मी. को रु.७००।०० का दरले हुने रकम असुल गर्नुपर्ने रु. | १०५००.०० |
| | **चालुतर्फ** | |
| ३३. | **अनुगमन तथा मूल्याङ्कन —** गाउँपालिकाको ७ औं गाउँसभाबाट निम्न ४ वटा विद्यालयका लागि प्रति विद्यालय रु.२,००,०००.०० का दरले रु.८,००,०००.०० विद्यालय व्यवस्थापनको लागि अनुदान उपलब्ध गराइएकोमा उक्त अनुदान रकमबाट के-कस्तो कार्य र प्रयोजनमा खर्च भएको छ भनी गाउँपालिकाबाट अनुगमन तथा मूल्याङ्कन गर्नुपर्नेमा गरेको पाइएन । अतः अनुदान दिएको रकमको अनुगमन तथा मूल्याङ्कन गरिनुपर्दछ । | |

| सि.नं. | विद्यालयको नाम | अनुदान रकम |
|---|---|---|
| १. | सानो काभ्रे मा. वि. दूधपोखरी-४ | २०००००.०० |
| २. | बागेश्वरी मा. वि. दूधपोखरी-२ | २०००००.०० |
| ३. | रामकृष्ण मा. वि. दूधपोखरी-१ | २०००००.०० |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | |
|---|---|---|
| ४. | कल्लावारी मा. वि. दूधपोखरी-१ | २०००००.०० |
| | **जम्मा** | **८०००००.००** |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **सशर्त चालु (शिक्षा) तर्फ** | |
| ३४. | **ईन्टरनेट जडान तथा सञ्चालन खर्च –** भौ. नं. र मिति ५८।२०७७।३।२१ कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७६ को ५.१ अनुसार माध्यमिक विद्यालयमा इन्टरनेट जडान तथा सञ्चालन खर्च वापत प्रति विद्यालय वार्षिक रु.१२,०००।०० का दरले उपलव्ध गराउने व्यवस्था छ । तपसिलका विद्यालयलाई इन्टरनेट जडान तथा सञ्चालन खर्च वापत रकम उपलव्ध गराईएकोमा  ईन्टरनेट जडान गरेको प्रमाण तथा बिल भरपाई पेस गरेको छैन । इन्टरनेट जडान तथा सञ्चालनमा भएको खर्चको प्रमाण पेस गर्नुपर्ने रु. | ६००००.०० |

| सि. नं. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | बागेश्वरी मा.वि. दुधपोखरी २ विचौर | १२००० |
| २ | गौडा मा.वि. दुधपोखरी २ ओखरी | १२००० |
| ३ | कल्लाबारी मा.वि. दुधपोखरी १ काउनेगरा | १२००० |
| ४ | सानो काभ्रे मा.वि. दुधपोखरी ४ ताजी | १२००० |
| ५ | हिमालय मा.वि. दुधपोखरी ५ कोल्की | १२००० |
| | **जम्मा** | **६००००** |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३५. | **लेखापरीक्षण खर्च -** गो. भौ.नं. र मिति ५८।०७७।३।२१ कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ को क्रियाकलाप नं. २.७.१३.१० अनुसार विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षणको लागि आधारभूत तहको लागि प्रति विद्यालय वार्षिक रु.१०,०००।०० र माध्यमिक तहको लागि प्रति विद्यालय वार्षिक रु.१५,०००।०० एकमुष्ठ अनुदान उपलव्ध हुने व्यवस्था छ । लेखापरीक्षणको लागि तपसिलका विद्यालयलाई निकासा उपलव्ध गराएकोमा आ.व. २०७५।७६ को लेखापरीक्षण प्रतिवेदन पेस गरेको छैन । लेखापरीक्षणको लागि उपलव्ध गराएको रकमबाट लेखापरीक्षण गराएको पाईएन । अतः लेखापरीक्षण प्रतिवेदन पेस गर्नुपर्ने रु. | २००००.०० |

| सि.नं. | विद्यालयको नाम | लेखापरीक्षण रकम |
|---|---|---|
| १ | जनता प्रा.वि. १ माझवारी | १०००० |
| २ | जलकन्यादेवी प्रा.वि. ३ फुलिङ्गरी | १०००० |
| | **जम्मा** | **२००००** |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३६. | **जिन्सी दाखिला –** भौ.नं. र मिति ५८।०७७।३।२१ गण्डकी प्रदेश कार्यविधि ऐन, २०७४ को दफा २४ को उपदफा १ अनुसार  जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सी मालसामान सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । सम्बन्धित संस्थाले खरिद गरेको तपसिलको मालसामान जिन्सी दाखिला गरेको प्रमाण पेस हुन आएन । अतः सम्बन्धित संस्थामा जिन्सी दाखिला गरेको प्रमाण पेस गर्नुपर्ने रु. | २०१५७११.०० |

| सि.नं. | खरिद गर्ने संस्था | खरिद सामानहरु | खरिद मुल्य |
|---|---|---|---|
| १ | कल्लाबाटी मा.वि. दुधपोखरी १ | विज्ञान प्रयोगशालाका सामाग्री १९४ आईटम | ४९७५७० |
| २ | कल्लाबाटी मा.वि. दुधपोखरी १ | टेवल ६ स्टील रयाक ४ अफिस कुर्ची २ कुर्चि १० हेभि कुर्ची१ पर्दा ३ | १५०५७२ |
| ३ | बागेश्वरी मा.वि. दुधपोखरी २ | कम्प्यूटर टेवल १ कुर्ची १२ कार्पेट ८ मि | १५६६१८ |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| | | डोरम्याट २ कम्प्यूटर टेवल ४ कुर्ची राम्रो १ पर्दा ४ | |
| ४ | बागेश्वरी मा.वि. दुधपोखरी २ | कम्प्यूटर3rd generation ८ ब्रदर्श फोटोकपि मेशिन १ कम्प्यूटर ḁ generation १ | ४९२६५० |
| ५ | हिमालय मा.वि. ५ कोल्की | पुस्तकहरु २२५ किसिम | ४९२७५६ |
| ६ | हिमालय मा.वि. ५ कोल्की | अफिस टेवल २ कम्प्यूटर टेवल १ कम्प्यूटर कुर्ची १ अफिस कुर्ची १२ बुक रयाक ५ जुट कार्पेट ८ मि डोर म्याट २ पिस पर्दा ३ पिस | १७५५४५ |
| ७ | वागेश्वरी उच्च मा.वि. | पुस्तकहरु १० किसिम | ५०००० |
| | | **जम्मा** | **२०१५७११** |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३७. | **भत्ता वितरण भरपाई -** भौ.नं. र मिति २६३।०७७।१।२१ गण्डकी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४२ अनुसार खर्च गर्दा प्रचलित कानूनले तोके बमोजिमको रीत पुगे नपुगेको परीक्षण गरी खर्च गर्नुपर्ने साथै बिल भर्पाइ खर्चको पुस्ट्याई हुनेगरी राख्नुपर्ने व्यवस्था छ । आधारभूत परीक्षा २०७६ संचालन प्रयोजनार्थ मिति २०७६।११।२८ मा भएको केन्द्राध्यक्ष अभिमुखीकरण कार्यक्रममा सहभागी भत्ता वितरणमा तपसिलको कर्मचारीले भत्ता वुझेको भरपाई नभएकोले भत्ता वुझेको प्रमाण पेस गर्नुपर्ने रु. | ३८२५.०० |

| सि. नं | नाम | रकम |
|---|---|---|
| १ | श्री कुम प्रसाद न्यौपाने | १२७५ |
| २ | श्री राम बहादुर गुरङ | १२७५ |
| ३ | श्री गोमन गुरुङ | १२७५ |
| | **जम्मा** | **३८२५** |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३८. | **स्वाध्ययन वा सामाग्री -** कोभिड १९ बाट भएका शैक्षिक क्षति न्यूनिकरण तथा विद्यार्थी सिकाई प्रवर्द्धन कार्यक्रम अभ्यास पुस्तिकाको सि. नं. ६२ अनुसार शिक्षा तथा मानवश्रोत विकास केन्द्रबाट स्वाध्ययन वा सामाग्रीको विद्युतिय प्रति तयार गरी वेबसाइटमा राख्ने, प्रदेश र स्थानीय तहले समन्वय गरी उक्त सामाग्री छपाई गरी विद्यालयलाई उपलव्ध गराउने र स्थानीय तहले अभ्यास पुस्तिकाहरु छपाई गरी वितरण गर्ने व्यवस्था छ । पालिकाले वैकल्पिक सिकाई सहजिकरण निर्देशिका २०७७, Question Bank, Covid pomplate आदि खरिद गरी रु.२,९९,२९२।०० भुक्तानी गरिएको छ । उक्त खरिद गरिएका पुस्तिकाहरु, पम्प्लेटहरु स्थानीय तहबाट वितरण गरेको प्रमाण पेस हुन आएन । | |
| | **सशर्त चालु** | |
| ३९. | **बढी भुक्तानी -** सि.अ.हे.व. बुद्धिबहादुर गुरुङ्गलाई भौ.नं.४ मिति २०७६/६/१६ बाट २०७६ श्रावण, भाद्र र चाडपर्व खर्च समेत रु.१,२८,८९०.०८ मात्र भुक्तानी गर्नुपर्नेमा रु.१,८६,२२६.९२ भुक्तानी दिएबाट बढी भुक्तानी भएको रु.५७,३३२.८४ र भौ.नं. १४ मिति २०७६/१२/०५ बाट २०७६ माघ र फाल्गुनको बीमा वापत रु.८०० र महङ्गी भत्ता रु.४००० समेत रु.४८००।— मात्र भुक्तानी दिनुपर्नेमा रु.७२००।- खर्च लेखी भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रु.२४००।— समेत कूल रु.५९,७३२.८४ बढी भुक्तानी भएको रकम असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. | ५९७३२.८४ |
| ४०. | **सामाजिक सुरक्षा कर —** भौ.नं. ४ मिति २०७६/६/१६ बाट हे.अ. प्रमिता गुरुङ्गलाई २०७६ श्रावण, भाद्र र चाडपर्व खर्च समेत रु.५९,७०२.०० र भौ.नं. ८ मिति २०७६/९/२२ बाट २०७६ आश्विनदेखि पौषसम्मको समेत रु.१,४८,५६८.०० भुक्तानी | १४८५.६८ |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गर्दा अग्रीम रुपमा १% ले हुने रकम रु.१४८५.६८ सामाजिक सुरक्षा कर कट्टी गरी भुक्तानी दिनुपर्नेमा कट्टी गर्न छुट भएको उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु. | |
| ४१. | **पुरस्कार वितरण** — ३४/२०७७/२/२८ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सार्वजनिक निकायले खर्च लेख्दा बिल भरपाई सहित स्रेस्ता राख्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले ६ वटै वडाका स्वास्थ्य संस्थामा मिति २०७६/०८/१९ गते महिला स्वास्थ्य स्वयंसेविका दिवस कार्यक्रममा ६ वटै वडाबाट उत्कृष्ट महिला स्वास्थ्य स्वयंसेविका छनौट गरी प्रत्येक वडामा प्रथम, द्बितीय र तृतीय हुने महिला स्वास्थ्य सेविकालाई क्रमशः रु.१०००।००, ६००।०० र ४००।०० को दरले प्रति वडा रु.२०००।०० पुरस्कार वितरण गरेकोमा वडा नं. १ को वितरण भरपाई पेस भएको छैन । अतः पुरस्कार वितरण गरेको भरपाई पेस गर्नुपर्ने रु. | २०००.०० |
| | **सामाजिक सुरक्षातर्फ** | |
| ४२. | **बढी निकासा** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैङ्क मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै चौमासिकमा एकै व्यक्तिको नाममा दोहोरो खर्च लेखेको, मृत्यू भइसकेका लाभग्राहीको लगत कट्टा नगरी बढी खर्च गरेको छ । सो सम्बन्धमा गाउँपालिकाबाट छानविन गरी यकिन गर्ने अन्यथा असुल गर्नुपर्ने रु. | ३६४०००.०० |

| वडा नं. १ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| नाम | जन्म मिति | ना.प्र.प.नं. | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमसिक | असुल गर्नुपर्ने रकम | लक्षित समूह |
| रोशनी गुरुङ्ग | ९/१९/२०१४ | ६७७९ | | ८००० | ८००० | १६००० | एकल |
| रोशनी गुरुङ्ग | ९/१९/२०१४ | ६७७९ | | ८००० | ८००० | | एकल |
| वडा नं. २ | | | | | | | |
| नन्दमान गुरुङ्ग | १०/११/२००४ | ४४४४ | १२००० | १२००० | | २४००० | ज्येष्ठ अन्य |
| नन्दलाल गुरुङ्ग | १०/११/२००४ | ४४४४ | १२००० | १२००० | | | लाहुरे ज्येष्ठ |
| तीर्थमान गुरुङ्ग | ७/१०/२००३ | ४७९१ | १२००० | | | १२००० | ज्येष्ठ अन्य |
| तीर्थमान गुरुङ्ग | ७/१०/२००३ | ४७९१ | १२००० | | | | लाहुरे ज्येष्ठ |
| सुवार्ण गुरुङ्ग | ५/८/२००५ | ४९०६ | १२००० | १२००० | | | ज्येष्ठ अन्य |
| सुकमाया गुरुङ्ग | ५/८/२००५ | ४९०६ | १२००० | १२००० | | २४००० | ज्येष्ठ अन्य |
| नवराज गुरुङ्ग | ४/१५/१९९४ | ४९२३ | १२००० | १२००० | | | ज्येष्ठ अन्य |
| गौमाया गुरुङ्ग | ४/१५/१९९४ | ४९२३ | १२००० | १२००० | | २४००० | ज्येष्ठ अन्य |
| कमला माया मरहट्टा | २/१०/२०११ | ५२५६ | ८००० | | | | एकल |
| कमलीमाया मरहट्टा | २/१०/२०११ | ५२५६ | ८००० | | | ८००० | एकल |
| देवी कुमारी न्यौपाने | १/८/२००६ | ५२७१ | १२००० | १२००० | | | ज्येष्ठ अन्य |
| दुव कुमारी न्यौपाने | १/८/२००६ | ५२७१ | १२००० | १२००० | | २४००० | ज्येष्ठ अन्य |
| विष्णु कुमारी दवाडी | ११/१६/१९९२ | ५२९८ | १२००० | १२००० | | | ज्येष्ठ अन्य |
| कृण कुमारी दवाडी | ११/१६/१९९२ | ५२९८ | १२००० | १२००० | | २४००० | ज्येष्ठ अन्य |
| आसकुमारी तामाङ | ३/२५/२०१० | ५४३२ | ८००० | | | | लाहुरे ज्येष्ठ |
| आसकुमारी तामाङ | ३/२५/२०१० | ५४३२ | ८००० | | | ८००० | विधवा |
| टेकबहादुर गुरुङ्ग | १२/१२/२००४ | ५६२८ | १२००० | १२००० | | २४००० | ज्येष्ठ अन्य |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| टेकबहादुर गुरुङ्ग | १२/१२/२००४ | ५६२८ | १२००० | १२००० | | | लाहुरे ज्येष्ठ |
| टेकबहादुर दमै | १२/१६/२०१४ | ५६९४ | ८००० | ८००० | ८००० | | दलित ज्येष्ठ |
| टेकबहादुर दमै | १२/१६/२०१४ | ५६९४ | ८००० | ८००० | ८००० | २४००० | दलित ज्येष्ठ |
| हुमा कुमारी न्यौपाने | ७/८/२००५ | ५५६५ | | १२००० | १२००० | | ज्येष्ठ अन्य |
| हुम कुमारी गुरुङ्ग | ७/८/२००५ | ५५६५ | | १२००० | १२००० | २४००० | ज्येष्ठ अन्य |
| **वडा नं. ३** | | | | | | | |
| लुरी गुरुङ्ग | ४/१५/२००४ | १४५८ | १२००० | | | | ज्येष्ठ अन्य |
| लुरी गुरुङ्ग | ४/१५/२००४ | १४५८ | १२००० | | | १२००० | ज्येष्ठ अन्य |
| भ्याखु गुरुङ्ग | ११/३/२००४ | ४२९२ | १२००० | | | | ज्येष्ठ अन्य |
| झ्याखु गुरुङ्ग | ११/३/२००४ | ४२९२ | १२००० | | | १२००० | ज्येष्ठ अन्य |
| लखमती गुरुङ्ग | ९/१/२००३ | ४७१९ | १२००० | | | | ज्येष्ठ अन्य |
| लखमती गुरुङ्ग | ९/१/२००३ | ४७१९ | १२००० | | | १२००० | ज्येष्ठ अन्य |
| **वडा नं. ४** | | | | | | | |
| मनकुमारी तामाङ | १/१५/२००० | ३३४० | १२००० | | | | ज्येष्ठ अन्य |
| यम कुमारी तामाङ | १/१५/२००० | ३३४० | १२००० | | | १२००० | ज्येष्ठ अन्य |
| विरमाया तामाङ | ५/८/२००५ | ३५६१ | १२००० | | २४००० | | ज्येष्ठ अन्य |
| विरमाया तामाङ घेरेढुङ्गा | ५/८/२००५ | ३५६१ | १२००० | | १२००० | २४००० | ज्येष्ठ अन्य |
| **वडा नं. ५** | | | | | | | |
| कौमती गुरुङ्ग | २/७/१९९८ | २८३० | १२००० | | | | ज्येष्ठ अन्य |
| मैते गुरुङ्ग | २/७/१९९८ | २८३० | १२००० | | | १२००० | ज्येष्ठ अन्य |
| **वडा नं. ६** | | | | | | | |
| कासीमाया गुरुङ्ग | १/१७/२००७ | ३४०९ | ८००० | | | | एकल |
| काशीमाया गुरुङ्ग | १/१७/२००७ | ३४०९ | ८००० | | | ८००० | विधवा |
| गगन सिं गुरुङ्ग | ८/१४/१९८७ | ३५८२ | १२००० | | | | ज्येष्ठ अन्य |
| गगन सिं गुरुङ्ग | ८/१४/१९८७ | ३५८२ | १२००० | | | १२००० | ज्येष्ठ अन्य |
| गौमाया गुरुङ्ग | ५/१९/२००५ | ३६२८ | १२००० | | | | ज्येष्ठ अन्य |
| गौमाया गुरुङ्ग | ५/१९/२००५ | ३६२८ | १२००० | | | १२००० | ज्येष्ठ अन्य |
| दुरमाया मगर | ७/२८/१९८९ | ४२५० | १२००० | | | | ज्येष्ठ अन्य |
| दुरमाया मगर | ७/२८/१९८९ | ४२५० | १२००० | | | १२००० | ज्येष्ठ अन्य |
| | | | | | जम्मा | ३६४००० | |

४२.१. **बढी निकासा** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैङ्क मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले निम्न दलित बालबालिकाहरूको अद्यावधिक नगरी ५ वर्ष पूरा भईसकेका, जन्म मिति नुखलेका र एउटै चौमासिकमा एकै व्यक्तिको नाममा दोहोरो निकासा हुने गरी दोहोरो खर्च लेखेको लाभग्राहीको लगत कट्टा नगरी बढी खर्च लेखेको छ । तसर्थ पालिकाले लाभग्राही लगत अद्यावधिक नगरी निम्नानुसार बढी खर्च लेखेको रकम असुल हुनुपर्ने रु. ९६००.००

| वडा नं. | नाम | जन्म मिति | रकम | किस्ता | कैफियत |
|---|---|---|---|---|---|
| ६ | अनुराग परियार | १/३१/२०७० | १६०० | प्रथम | ५ वर्ष नाघेको |
| ६ | सोनिका वि.क. | १२/१५/२०७० | १६०० | प्रथम | ५ वर्ष नाघेको |
| २ | सुहान वि.क. | | १६०० | प्रथम | जन्म मिति नखुलेको |
| २ | सुहान वि.क. | | १६०० | प्रथम | जन्म मिति नखुलेको |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>२</td><td>यासुका वि.क.</td><td>८/२/२०७४</td><td>१६००</td><td>दोश्रो</td><td>दोहोरिएको</td></tr>
<tr><td>२</td><td>यासुका वि.क.</td><td>८/२/२०७४</td><td>१६००</td><td>तेश्रो</td><td>दोहोरिएको</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>९६००</td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td></td><td>विपद् व्यवस्थापन</td><td></td></tr>
<tr><td>४३.</td><td>समिति गठन - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको र ३ वटा बैठक बसी कोभिड-१९ लाई न्यूनीकरण गर्न, प्राकृतिक प्रकोपको क्षतिमा न्यूनीकरण तथा राहत वितरण र वर्षात्को बेलामा घर पूर्ण क्षति भएकाको लागि आवास निर्माण गर्न जिल्ला प्रशासन कार्यालयमा लेखी पठाउने समेतका निर्णयहरू गरेको पाइयो ।</td><td></td></tr>
<tr><td>४४.</td><td>कार्य योजना - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४५.</td><td>विपद् व्यवस्थापन कोष — विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा.वि.पद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकामा गत वर्षको मौज्दात समेत रु.१८,३७,५२८.०० आम्दानी तथा रु.१४,५५,१६९.५० खर्च भई रु.३,९१,४८२.५० बाँकी रहेको छ ।</td><td></td></tr>
<tr><td>४६.</td><td>वार्षिक प्रतिवेदन — विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४७.</td><td>स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम - स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसारको परियोजना सञ्चालन गर्न रु.७४,००,६००.०० बजेट प्राप्त भएकोमा रु.६९,४७,९८७.०० खर्च भई ९८.२८ प्रतिशत भौतिक प्रगति प्राप्त भएको देखिन्छ ।</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| आयोजनाको प्रकार | आयोजनाको संख्या | बजेट रकम | खर्च रकम | वित्तीय प्रगति प्रतिशत | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| सडक निर्माण, भवन निर्माण | ३ | ७४००६०० | ६९४७९८७ | ९३.८८ | ९८.२८ |

४८. **कोभिड १९ तर्फ —** गाउँपालिकाबाट उपलब्ध गराइएको विवरण अनुसार आ.व. २०७६।७७ को आषाढ मसान्तसम्म प्रदेश सञ्चित कोषबाट, स्थानीय तहको आफ्नै कोषबाट, संघीय कोभिड कोषबाट र अन्य श्रोतबाट समेत रु.३१,१४,८२५.०० आम्दानी भएकोमा कोरोना संक्रमण रोकथाम नियन्त्रण र व्यवस्थापन कार्यमा रु.२८,०५,१२२.५० खर्च भई रु.३,०९,७०२.५० हजार बाँकी रहेको छ । खर्च रकम निम्न शीर्षकमा भएको पाइयोः

| बजेट/आम्दानीको स्रोत | २०७७ असार मसान्तसम्म प्राप्त रकम | खर्च शीर्षक | २०७७ असार मसान्तसम्म खर्च रकम |
|---|---|---|---|
| संघीय सञ्चित कोषबाट | ६७७२९७.०० | राहत वितरण | ६०००००.०० |
| प्रदेश सञ्चित कोषबाट | ५०००००.०० | क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन | ६०००००.०० |
| स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको | ११०००००.०० | आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन | २०००००.०० |
| संघीय कोभिड कोषबाट | ०.०० | जनशक्ति परिचालन | ६७७२९७.०० |
| प्रदेश कोभिड कोषबाट | ०.०० | औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद | ५६५४८७.५० |
| अन्य स्रोतबाट प्राप्त | ८३७५२८.०० | स्वास्थ्य पूर्वाधार निर्माण | ०.०० |
| | | अन्य शीर्षकमा भएको खर्च | १६२३३८.०० |
| | | **बाँकी** | **३०९७०२.५०** |
| **जम्मा** | **३११४८२५.००** | **जम्मा** | **३११४८२५.००** |

उक्त कारोवारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न रहेका छन्ः

४८.१. **अन्य कार्यालयबाट खर्च —** जिल्ला प्रशासन कार्यालय लमजुङको पत्र तथा निर्णय अनुसार भौ. नं. ६ मिति २०७७।२।४ बाट रु.२,००,०००।०० जिल्ला सामुदायिक अस्पताल, अस्पताल विकास समितिको खातामा र भौ. नं. ३१।०७७।३।३१ बाट रु.६,००,००० जिल्ला प्रशासन कार्यालय लमजुङ्गको क्वारेन्टाईन सञ्चालन तथा व्यवस्थापन समितिको खातामा जम्मा गर्न खर्च लेखी पठाएको छ ।

४८.२. **अन्य शीर्षकबाट कोभिड खर्च -** कोभिड १९ केश इन्भेष्टिगेसन तथा कन्टयाक ट्रेसिङ्ग टिम परिचालन तथा व्यवस्थापन निर्देशिका, २०७७ को सि. नं. ६ अनुसार यस टिम परिचालनका लागि लाग्ने सम्पूर्ण खर्चको व्यवस्था स्थानीय तहले कोभिड १९ को रोकथाम तथा नियन्त्रणका लागि छुट्टाइएको कोषबाट व्यवस्था मिलाउनु पर्ने र यदि नपुग भएमा प्रदेश तथा संघीय सरकारसँग माग गर्न सक्ने व्यवस्था छ । पालिकाले ६ वटै वडामा राहत वितरणमा भएको खर्च रकम कोषबाट भुक्तानी दिन नपुग भएको उल्लेख गरी वित्तीय समानीकरण चालु तथा पुँजीगत शीर्षकबाट खर्च गरिएको छ । पालिकाले स्थापना गरेको प्रकोप व्यवस्थापन कोषबाट खर्च गर्नुपर्नेमा चालु शीर्षक भौ. नं. २२०।०७७।३।३० बाट खर्च गरेको रकम नियमसम्मत नदेखिएको रु. — बेरुजू रकम: ६०००००.००

४८.३. **भरपाई पेस नभएको -** गण्डकी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४२ अनुसार खर्च गर्दा प्रचलित कानूनले तोके बमोजिमको रीत पुगे नपुगेको परीक्षण गरी खर्च गर्नुपर्ने साथै बिल भर्पाइ खर्चको पुस्ट्याई हुनेगरी राख्नुपर्ने व्यवस्था छ । वडा नं. ४ मा राहत वितरणको लागि चामल ९६० के.जि., तेल १४० लि, दाल १५० के.जी., नुन १२०

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | के.जी., साबुन २१६ वटा रु.९६,७५०।०० मा खरिद गरिएको छ । ९१ जनालाई वितरण गर्ने गरी सूची तयार गरेकोमा लाभग्राहीले राहत बुझेको देखिएन । राहत सामाग्री वितरण गरेको भरपाई पेस गर्नुपर्ने रु. | ९६७५०.०० |
| ४८.४. | **राहत वितरण मापदण्ड -** कोभिड १९ को कारण प्रभावित व्यक्तिहरुका साथै असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड २०७६ सि.नं. ५(१) अनुसार आवश्यकता अनुसार पटक पटक गरी लकडाउन अवधिभरका लागि राहत सामाग्री वितरण गर्नुपर्ने र सि. नं. २ अनुसार स्थानीय तहले निर्धारण गरेको परिमाण बमोजिम वितरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले २ जना परिवार, ३ जना परिवार, ४ जना परिवार, ४ जना भन्दा बढी परिवारको लागि चामल तेल दाल नुन र साबुन वितरणको लागि मापदण्ड तयार गरिएको छ । मापदण्ड तयार गरेको भए पनि परीमाण नै नखुलाई वितरण गरिएको छ । मापदण्ड विपरित वितरण गरिएकोले नियमसम्मत नदेखिएको रु. | १८५८५०.०० |

| वडा नं. | राहत सामाग्री | रकम |
|---|---|---|
| ३ | चामल १११० के.जी., रातो दाल १६० के.जी., सन तेल ८० लि., नुन ६३ के.जी., साबुन १२६ वटा | ८९७०० |
| ६ | चामल १३५० के.जी., रातो दाल ३ बोरा, तेल ४० लि., नुन ५८ के.जी., साबुन १५० वटा | ९६१५० |
| | **जम्मा** | **१८५८५०** |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४९. | **पेश्की बाँकी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उपनियम (५) बमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग बिल वा अन्य बिल विजकबाट कट्टा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार पेश्की फछ्र्यौट नभई बाँकी रहेको रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु. | ६३०४६३.०० |

| भौ.नं./मिति | पेश्की लिने व्यक्ति, फर्म वा कम्पनीको नाम | पेश्की रकम | | |
|---|---|---|---|---|
| | | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
| ३/२०७६/११/१९ | च्याङरी त्रिवेणीघाट झोलुङ्गेपुल निर्माण समिति | | ६३०३६३ | ६३०३६३ |
| १/२०७६/४/१ | लेखापाल घनश्याम पोखरेल | | १०० | १०० |
| | जम्मा | | ६३०४६३ | ६३०४६३ |

| दफा नं. | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४९.१. | यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ । | |

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | सम्परीक्षण |
|---|---|---|---|---|
| १. | २०७५/७६ | ३७ | संघीय सञ्चित कोषमा दाखिला भएको रु. | १२६१९३५५ |
| २. | २०७३/७४ | ३७ | कालीमाटी तमु प्ल्हेयु संघ भवन निर्माण पेश्की दाखिला रु. | ८०००० |
| | | | **जम्मा** | **१२६९९३५५** |

**अनुसूची-१**

## सञ्चित कोष विवरण
## २०७६/७७

प्रदेशः गण्डकी (रु.हजारमा)

| क स | स्थानीय तह | जिल्ला | | आय | | | | | व्यय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व बाँडफाट | आन्तरीक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | मौज्दात |
| | | | १ | २ | ३ | ४ | ५ | ६ (२+३+४+५) | ७ | ८ | ९ | १० (७+८+९) | ११ (१+६-१०) |
| १. | दुधपोखरी गाउँपालिका | लमजुङ्ग | ४५८४१ | १७७००४ | ३५६५४ | ३६१४२ | ३२६९३ | २८१४९३ | १४३०४१ | ७२३६३ | ६०६५२ | २७६०५६ | ५१२७८ |

**अनुसूची-२**

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७६/७७

(रु.हजारमा)

| सि.नं. | स्थानीय तह | जिल्ला | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैद्धान्तिक | लगति | | सैद्धान्तिक | लगति | | सैद्धान्तिक | लगति | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | दुधपोखरी गा पा | लमजुङ्ग | ३६ | ५५ | ५१४६ | | ३ | २९१ | ३६ | २२ | ४८५५ | २०८ | ७८६ | ३२३१ | - | - | ४०१७ | - | ६३० | ६३० |

**अनुसूची-३**

## अद्यावधिक बेरुजू स्थिति
## २०७६/७७

(रु.हजारमा)

| क्र.स. | स्थानीय तह | जिल्ला | गत वर्षसम्मको बाँकी | यो वर्ष फछ्यौंट | बाँकी | यो वर्ष सम्परीक्षणबाट कायम | यो वर्षको बेरुजू | कुल बाँकी बेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १. | दुधपोखरी गाउँपालिका | लमजुङ्ग | २४३१९ | १२६९९ | ११६२० | - | ४८५५ | १६४७५ |